नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ | स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ | अंक १२८ | २०८० साल पुस ४ गते बुधबार (20 Dec. 2023 Wednesday) | मूल्य रु. ५/-

शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले सावधानी अपनाऔं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : रामजानकी विवाहकै दिन... ३ पृष्ठमा : एनसेलको शेयर खरिद-बिक्री.. ३ पृष्ठमा : गान्सु भूकम्पमा मृत्यु हुनेको.

## ट्युसन पढ्न निस्केका गृषको अवस्था अझै अज्ञात



**दैनिक समाचारदाता**
**राजविराज, ३ पुस ।**

सात दिन अघि ट्युसन पढ्नका लागि घरबाट निस्केका राजविराज ५ का गृषचन्द्र देवको अवस्था अझै अज्ञातै रहेको छ ।

घर नजिकैको शिक्षक शशिशंकर कहाँ ट्युसन पढ्न जान्छु भन्दै गत बुधबार बिहान ९ बजेतिर निस्केका उनी हालसम्म फर्केर नआएपछि चिन्तामा डुबेका परिवारजनले खोजि गरिदिनहुन सबैसँग आग्रह गरेका छन् ।

१८ वर्षिय एक मात्र छोरा सम्पर्क बिहीन भएपछि आमा रिना र बुबा उपेन्द्रले खोजि कार्यमा सहयोग गर्न प्रहरीसँगै सबैमा अनुरोध गरेका हुन् ।

आफूहरु काम विशेषले बिराटनगर गएको बेला गत बुधबार घरमा रहेका छोरा गृषले दिदी हेमालाई ट्युसन पढ्न जान्छु भन्दै निस्केको र हालसम्म फर्कि नआएको देव दम्पत्तिले सुनाए ।

शिक्षक शशिशंकरले भने सो दिन गृष आफूकहाँ ट्युसन पढ्न नआएको जनाएका छन् । गृषका परिवारजनले छोरा वेपत्ता भएको बारे प्रहरीमा समेत जानकारी गराई अवस्था पत्ता लगाईदिन आग्रह गरेका छन् ।

राजविराजस्थित मिशन कलेजमा कक्षा १२ मा अध्ययनरत गृषले बोक्ने मोबाइल भने घरमै फेला परेको तथा अनुसन्धानका लागि माग गरेकाले प्रहरीलाई बुझाइएको गृषका बुवा उपेन्द्रले बताएका छन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज न्यौपानेले गृष परिवारजनको सम्पर्क बाहिर पुगेको जानकारी प्राप्त भएको भन्दै खोजि कार्य तिब्र बनाइएको जनाएका छन् ।

## एनसेलको शेयर खरिदबिक्रीबारे लिखित जवाफ माग

काठमाडौं, ३ पुस (रासस) ।

सर्वोच्च अदालतले एनसेलको शेयर खरिदबिक्रीविरुद्ध परेको रिट निवेदनमा सरकारसँग कारण देखाउ आदेश गरेको छ ।

न्यायाधीश प्रकाशमानसिंह राउतको एकल इजलासले मंगलबार अन्तरिम आदेशका लागि दुवै पक्षलाई छलफलमा बोलाएर सरकारसँग कारणसहित १५ दिनभित्र लिखित जवाफ पेश गर्न आदेश गरेको हो ।

"दुवै पक्षलाई राखी छलफल गराउन उपयुक्त भएको देखिँदा सो प्रयोजनार्थ मिति २०८०/०९/१६ को पेसी तोकी पेस गर्नु", आदेशमा भनिएको छ, "साथै, प्रस्तुत रिट निवेदनसँग सम्बन्धित सम्बद्ध निर्णय तथा पत्रहरू विपक्षी एनसेल आजियाटा लिमिटेड र नेपाल दूरसञ्चार प्राधिकरण, जमलको हकमा आफैं वा आफ्नो कानुन व्यवसायीमार्फत र अन्य विपक्षीको हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत अन्तरिम आदेश जारी गर्ने वा नगर्नेसम्बन्धी छलफलको सुनुवाइको क्रममा इजलाससमक्ष अवलोकनार्थ पेस गर्नुहोला ।"

आदेशमा बाटाको म्यादबाहेक अन्तरिम आदेश जारी गर्न नपर्ने आधार र कारणसहित बाटोको म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ

*बाँकी अन्तिम पृष्ठमा*

## तीन दिनदेखी वेपत्ता पुरुषको शव फेला

**दैनिक समाचारदाता**
**राजविराज, ३ पुस ।**

सप्तरीको रुपनी गाउँपालिकामा मंगलबार ६० बर्षिय एक पुरुषको शव फेला परेको छ ।

तीन दिनदेखी वेपत्ता रहेका वडा नं. ४ निवासी जगरनाथी साहको शव घरदेखी सय मिटर दुरिमा रहेको आँप बगैंचामा फेला परेको हो ।

प्रहरीका अनुसार फेला परेको साहको शव आवश्यक प्रक्रिया पूरा गरि परिक्षणका लागि राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल पठाइएको छ ।

घटना स्थलमा विषको केही डिब्बा फेला परेपनि मृत्युको कारण बारे खुल्न नसकेको सप्तरीका प्रहरीका डिएसपी एवं प्रबक्ता ढुण्डिराज नेउपानेले बताए । उनले मृत्युको कारण पोष्टमार्टमपछि मात्र भन्न सकिने जानकारी दिँदै घटना बारे थप अनुसन्धान भइरहेको बताए ।

## मूल्य निर्धारणको माग राख्दै उखु किसान आन्दोलित

सर्लाही, ३ पुस (रासस) ।

चालु यामका लागि उखुको मूल्य निर्धारण र गतवर्ष बिक्री गरेको उखुको अनुदान बापतको रकम भुक्तानीको माग राख्दै सर्लाहीका उखु किसान आन्दोलित भएका छन् । गतवर्ष उखु बिक्री गरेबापत राज्यले दिनुपर्ने प्रति क्विन्टल रु ७० मध्ये हालसम्म प्रति क्विन्टल रु २१ मात्रै भुक्तानी भएको र बाँकी प्रति क्विन्टल रु ४९ अनुदान बापतको रकम एथाशीघ्र भुक्तानी गर्नुपर्ने उनीहरूको माग छ ।

साथै चालु यामको लागि उखुको मूल्यप्रति क्विन्टल रु सात सय ५० कायम गराउनुपर्ने उनीहरूको भनाइ रहेको छ । मिलगेट उखु उत्पादक समिति सर्लाहीका अध्यक्ष राजकुमार उप्रेतीले उखुका हरिया लाथ्रा प्रदर्शन गरेर गत शनिबारदेखि आन्दोलनका कार्यक्रम जारी रहेको जानकारी दिनुभयो । उहाँका अनुसार चालु यामका लागि उखुको मूल्य रु सात सय ५० तत्काल तोक्नुपर्ने र गत वर्षको अनुदान बापतको प्रति क्विन्टल रु ७० मध्ये हालसम्म पनि भुक्तानी हुनबाँकी रहेको प्रति क्विन्टल रु ४९ का दरले रु ५२ करोड रकम तत्काल भुक्तानी गर्नुपर्ने लगायतका माग किसानको छ ।

नेपाल उखु उत्पादक किसान महासङ्घका अध्यक्ष कपिलमुनी मैनालीले चालु यामको उखुको प्रति क्विन्टल मूल्य निर्धारण नभएको र अनुदान बापतको राज्यले दिनुपर्ने बाँकी रकम भुक्तानी नभएको गुनासो गर्नुभयो । उहाँले यस्तो अवस्थामा जिल्लाका उखु उत्पादक किसानले चिनी उद्योग सञ्चालन नगर्नसमेत आग्रह गरेका बताउनुभयो । उहाँका अनुसार उखुको लागत र चिनीको बिक्री मूल्य अनुसार उखुको मूल्य प्रति क्विन्टल रु सात सय ५० हुनुपर्ने, गतवर्ष उखु बिक्री गरेको अनुदान बापतको बाँकी रु ५२ करोड राज्यले तत्काल भुक्तानी गर्नुपर्ने र कृषि मन्त्रालय, अर्थ मन्त्रालय, उद्योग मन्त्रालय, उद्योगपति र उखु उत्पादक किसानबीच वार्ता गर्नुपर्ने उनीहरूको भनाइ रहेको छ ।

**शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं**

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

**प्लाष्टिकको प्रयोग नगरौं, वातावरण स्वस्थ राखौं**

➤ प्लाष्टिक चारसय वर्षसम्म कुहिदैन।
➤ यसले जमिन तथा जल प्रदुषण गर्दछ।
➤ प्लाष्टिकका भाँडामा तातो खाद्य पदार्थ खाँदा क्यान्सर जस्तो घातक रोग लाग्न सक्दछ।
➤ प्लाष्टिक जलाउँदा वायुमण्डल प्रदुषित हुन्छ।
➤ खोलानाला वा समुन्द्रमा प्लाष्टिक परे पानी प्रदुषित हुन्छ।
त्यसैले प्लाष्टिकको सट्टा कागज र कपडाले बनेका झोला प्रयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### जिल्लाको सिंचाईमा सुधार आवश्यक

सप्तरी जिल्लामा कृषिका लागि सिंचाईको निकै नै समस्याहरु रहेका छन् । जिल्लाका अधिकांश जनता कृषिमै आधारित रहदा पनि यहाँको सिंचाई र कृषिमा अपेक्षा अनुकुलको सुधार आउन सकेको छैन् । धान उत्पादनको दृष्टिकोणले महत्वपुर्ण रुपमा चिनिदै आएको यस जिल्ला सिंचाई आवश्यकता अनुसारको सुविधा छैन् । समतल र उर्वराभुमि रहेको सप्तरी जिल्लामा धान मात्र नभई अन्नबाली र अन्य तरकारीबालीको पनि उत्पादन राम्रै हुदै आएको छ । तर बिगत केही बर्षयता सप्तरीमा धानबालीसँगै अन्यबालीहरुको समेत उत्पादन घट्दै आएको छ । धानबाली र अन्नबालीको उत्पादनमा आउने कमीका कारण किसानहरु चिन्तित बन्दै आएका छन् ।

सिचाईको उचित व्यवस्था नहुँदा कृषि उत्पादनमा कमी आउँदा समेत सम्बन्धित निकायले ध्यान पु¥याउन सकेको छैनन् । बर्षाको भरमा खेती गर्ने यहाँका किसानहरु बर्षा नभए खडेरिको मार खेप्दै आएका छन् । रोपाई गरेको धानबालीमा पानीको मात्रा कम भएकाले बालीको जुन किसिमले विकास हुनुपर्नेथ्यो त्यो हुन सकेको छैन् । यता सिचाईको आभावमा बर्षेनी सप्तरीमा कृषि उत्पादनमा ह्रास आउँदा पनि सम्बन्धित निकाय यस समस्याप्रति गम्भीर नहुनु दुर्भाग्यपुर्ण हो ।

तसर्थ यहाँका करिब ९० प्रतिशत आश्रित रहेको कृषि क्षेत्रको उर्वरा शक्ति बढाउन सरकार र सिंचाईको उचित व्यवस्था मिलाउन सम्बन्धित निकायले समयमै उचित कदम चाल्नु आवश्यक छ ।

# रामजानकी विवाहकै दिन जोडी बाँधिने बढ्दै

महोत्तरी, ३ पुस (रासस) ।

यसपालिको विवाहपञ्चमीकै दिन २१ नयाँ जोडीले विवाह गरेर नयाँ जीवन सुरु गरेका छन् । मधेसको प्राचीन मिथिला क्षेत्रमा विवाहपञ्चमीका दिन विवाह फलदायी नहुने परम्परागत मान्यता तोड्दै यसै दिन विवाह गर्ने जोडी बढ्दै गएका हुन् ।

अघि त्रेतायुगमा मिथिलापुत्री सीताले वैवाहिक जीवनमा थुप्रै हण्डर व्यहोर्नु परेको, अग्निपरीक्षा दिनुपरेको र पछि जीवनबाट आजित भएर पृथ्वीमा लीन हुनुपरेको रामायण कथाले मिथिलामा रामसीताको विवाह भएको दिन जोडी बाँधिनुलाई त्यति राम्रो नमान्ने गरिन्थ्यो । तर पछिल्ला वर्षमा यसै दिन जनकपुरधाममा विवाह गर्ने जोडी बढ्दै गएका हुन् । यसपालि विवाहपञ्चमीका दिन विश्व हिन्दू परिषद् नेपालले आयोजना गरेको सामूहिक विवाह कार्यक्रममा २१ जोडीले विवाह गरेका थिए । यी अधिकांश जोडी मैथिल समुदायका रहेका विवाह समारोह आयोजक परिषद् धनुषाका अध्यक्ष सन्तोषकुमार साह बताउनुहुन्छ ।

पछिल्ला केही वर्षयता जानकी मन्दिर परिसरमा विवाहपञ्चमीका दिन विवाह गर्ने मैथिल युवायुवती बढ्नुमा सञ्चार प्रविधिको प्रसार मुख्य कारण रहेको पत्रकार सुजितकुमार झाको ठम्याइ छ । उहाँले भन्नुभयो, "अघिअघि पनि विवाहपञ्चमीका दिन जनकपुरमा जोडी बाँधिने त हुन्थे तर सबैजसो पर्वते (पहाडी) मूलका हुन्थे तर पछिल्ला केही वर्षयता विभिन्न संस्थाले नै विवाह समारोह आयोजना गर्न थालेपछि भने विवाह गर्ने मैथिल युवायुवती बढ्दै गएका छन् ।"

यद्यपि, सीता मिथिलापुत्री भएकी र उहाँले जीवनमा थुप्रै परीक्षा दिनुपरेको रामायण कथाले मैथिल भने यस दिन छोरीको विवाह गर्न अनिच्छुक देखिने गरेका झा विगत सम्झनुहुन्छ । सामान्यतया दुलहा पक्षभन्दा दुलहीपक्ष नै विवाहपञ्चमीका दिन छोरीको विवाहमा अनिच्छुक देखिने मैथिल सोच देखिन्थ्यो । अब मिथिलाका युवायुवतीको शिक्षा, सञ्चार र कामका लागि विभिन्न देशसँगको पहुँच बढेसँगै पुरानो मान्यता खण्डित हुँदै गएर यस दिन विवाह गर्ने बढेका जानकारहरूको अड्कल छ ।

हिन्दू वैदिक परम्परामा आराध्य देव श्रीराम र देवी सीताको विवाह भएको दिन खास सांस्कृतिक पर्वका रूपमा मनाइने मैथिल परम्परा छ । यसपालि परिषद्ले आयोजना गरेको समारोहमै २१ जोडीले विवाह गरे । जानकी मन्दिर र रामजानकी विवाह मण्डपमा यसबाहेक विवाह गर्ने जोडी पनि बाक्लै देखिएका मन्दिरका पुजारीहरूको भनाइ छ । यो सामूहिक विवाह परम्पराले विवाह महोत्सवको प्रचारसँगै फजुल खर्च कटौती गराएको जानकी मन्दिरका महन्थका मुख्य उत्तराधिकारी शिष्य रामरोशन दास वैष्णव बताउनुहुन्छ ।

यसपालि परिषद्ले आयोजना गरेको सामूहिक विवाह समारोहमा मधेस प्रदेशको प्राचीन मिथिला क्षेत्रका महोत्तरी, धनुषा, सिरहा, सप्तरी, सर्लाही र मित्रराष्ट्र भारतका केही जोडीसहित २१ जोडी थिए । परिषद्ले सामूहिक विवाहमा सरिक जोडीलाई नयाँ वस्त्र, दुलहीका लागि सिन्दूर, पोते र परिवारजनको खानपान व्यवस्था गरेको थियो । विवाहविधि रामजानकी विवाह मण्डपमा र खानपान जनकपुरस्थित कलवार धर्मशालामा आयोजना गरिएको थियो । यसरी बिना दाइजो बरबधुको रोजाइमा सम्पन्न विवाहले मधेसमा बढ्दो फजुल खर्च नियन्त्रण हुने पनि धेरैको भनाइ छ ।

## राजविराज नगरपालिका
### ३ नं. वडा कार्यालय
राजविराज, सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या २०८०।०८१ मिति २०८०।०९।०३
चलानी नं. २५०

विषय : सूचना सूचना सूचना

**३ नं वडा कार्यालय रा.वि.न.पा. बाट जारी भएको सूचना**

जिल्ला सप्तरी, राजविराज नगरपालिका साविक वार्ड नं ४ हाल वार्ड नं ३ बस्ने स्व.गोसाई दासको बुहारी स्व.राजेन्द्र कुमार दासको पत्नी रामसती कुमारी दासले तपसिलका जग्गा नामसारी दर्ता गर्न सिफारिस गरि पाउँ भनी मिति २०८०।०९।०३ मा द.न. २२४ को निवेदन दिएको हुँदा सो जग्गामा कसैको हक दावी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो सवुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा जानकारी गराईन्छ ।

तपसिल

जि.स.रा.वि.न.पा. वाडा.नं ४ हाल ३ बस्ने मृतक राजेन्द्र कुमार दास नाउँ दर्ताको जग्गा

| जिल्ला | गा.वि.स। | वडा नं. | कि. नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | वभनगामाकट्टी | २ | ७९ | ०-५-७ |
| सप्तरी | " | २ | ८२ | ०-० - १५ |
| सप्तरी | " | २ | १०१ | ०-३ - ९ |
| सप्तरी | " | २ | १०३ | ०-४-५ |
| सप्तरी | " | २ | ९७१ | ०-३-३ |
| सप्तरी | " | २ | ४७८ | ०-१-१/२ |

जि.स.रा.वि.न.पा. वाडा.नं ४ हाल ३ बस्ने गोसाई दास कथवनिया नाउँ दर्ताको जग्गा

| जिल्ला | गा.वि.स। | वडा नं. | कि. नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | राजविराज | ४ | २२५ | ०-१-० |

२०८०।०९।०३

अनिल कुमार दास
वडा अध्यक्ष


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

**डा. सन्तोष प्रसाद शाह**
**Dr. Santosh Prasad Sah**
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

**डा. यमेश यादव**
**Dr. Yamesh Yadav**
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
**कृताञ्जली मेडिकल हँल**
**राजविराज**
Mo. No : 9842830252, 9804605569


## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**
- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरु आउनु ।

*यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।*

**बच्ने उपाय**
- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

**रुपनी गाउँ कार्यपालिकाको कार्यालय**
**रुपनी, सप्तरी**

# एनसेलको शेयर खरिद-बिक्री प्रक्रिया सहज र स्वाभाविक नलागेरै समिति गठन गरिएको हो : प्रम

काठमाडौँ, ३ पुस (रासस)।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले एनसेल शेयर बिक्री प्रक्रिया सरकारलाई सहज र स्वाभाविक नलागेको बताउनुभएको छ। प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिको मंगलबारको बैठकमा प्रधानमन्त्री दाहालले उक्त शेयर बिक्री प्रक्रियाका सहज र स्वाभाविक नलागेर नै सरकारले तत्काल निर्देशन र समिति गठन गरी छानबिन प्रक्रिया अघि बढाएको स्पष्ट गर्नुभयो।

उहाले भन्नुभयो, "यसमा कहीँ न काहीँ गलत छ भन्ने लागेकै हुनाले छानबिन समिति बनाइएको हो। अध्ययन तथा छानबिन समितिको यकिन रायसुझावसहितको प्रतिवेदन प्राप्त भएपछि सरकारले दूरसञ्चार सेवा प्रदायक कम्पनीहरूको नियमन, विदेशी लगानीको वातावरण निर्माणमा थप सहजीकरण, विदेशी मुद्रा सटही सुविधा र कर प्रशासनमा सुधारका लागि आवश्यक कदम चाल्नेछ।"

उहाँले एनसेल प्रकरणमा कतै कसैबाट कानुन विपरीतका काम कारबाही भए गरेको पाइएमा कानुनबमोजिम हदैसम्मको कारबाही गर्न सरकार प्रतिबद्ध रहेकोबारे समितिलाई जानकारी गराउनुभयो। यसको संवेदनशीलता करमा मात्र सीमित नभएको जनाउँदै प्रधानमन्त्री दाहालले विदेशी लगानी भित्र्याउने प्रक्रियामा समान्य त्रुटि गरिएमा राष्ट्रका लागि ठूलो क्षति हुन सक्नेतर्फ समेत सरकारले गम्भीररूपमा लिएको बताउनुभयो।

प्रधानमन्त्री दाहालले सो विषयलाई सरकारले गम्भीरतापूर्वक लिँदै त्यस सम्बन्धमा भए गरेका काम कारबाही तथा समग्रमा यसले नेपालको राजस्व, लगानी र दूरसञ्चारको विकासमा पर्ने पार्ने प्रभावका बारेमा गहन र विस्तृत अध्ययन तथा छानबिन गर्नुपर्ने आवश्यकता महसुस गरी पूर्वमहालेखापरीक्षक टङ्कमणि शर्मा दङ्गालको संयोजकत्वमा पाँच सदस्यीय अध्ययन तथा छानबिन समिति गठन गरेको बताउनुभयो।

उक्त समितिलाई एनसेलको हालै भएको भनिएको शेयर खरिद-बिक्री र हक हस्तान्तरण सम्बन्धमा भए गरेका काम कारवाहीहरूको विस्तृत अध्ययन तथा छानबिन गरी यसबाट नेपालको दूरसञ्चार क्षेत्र र विदेशी लगानीमा पर्ने असर, दूरसञ्चार सेवा नियमन तथा सञ्चालन र नेपाल सरकारको कर तथा राजस्वमा पर्न सक्ने असर तथा प्रभाव विश्लेषण गरी तत्काल चाल्नुपर्ने कदम तथा नेपालको दूरसञ्चार क्षेत्रका लागि भविष्यमा गर्नुपर्ने सुधारका सम्बन्धमा समेत अध्ययन विश्लेषण गरी रायसुझावसहितको प्रतिवेदन ३० दिनभित्र पेस गर्ने कार्यादेश दिइएको छ।

प्रधानमन्त्री दाहालले एनसेल आजियटाको स्वामित्वमा रहेको दूरसञ्चार सेवा प्रदायक कम्पनी एनसेलको आठ सय पाँच शेयर न्यून मूल्याङ्कन गरी खरिद-बिक्री भएको तथा उक्त कारोबारमा करछलीको योजना गरिएको भन्ने समेतका विषयहरू विभिन्न सञ्चारमाध्यममा प्रकाशन र प्रसारण भएपछि सो सम्बन्धमा विभिन्न क्षेत्रबाट चासो व्यक्त गरिएको बारे पनि समितिलाई जानकारी दिनुभयो।

प्रधानमन्त्री दाहालले आफू जलवायु परिवर्तनसम्बन्धी कोप-२८ मा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै संयुक्त अरब इमिरेटसको दुबइमा रहेकै बेला सो खरिद-बिक्रीको काम भएको भन्ने समाचार आएकाले स्वदेश फर्कनासाथ अध्ययन गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र नेपाल दूरसञ्चार प्राधिकरणलाई निर्देशन दिएको स्पष्ट गर्नुभयो।

प्रधानमन्त्री दाहालले छानबिन समितिले नेपाल दूरसञ्चार प्राधिकरण, कम्पनी रजिष्ट्रारको कार्यालय, उद्योग विभाग, नेपाल राष्ट्र बैङ्क, आन्तरिक राजस्व विभाग र अन्तर्गतका करदाता सेवा कार्यालय र धितोपत्र बोर्डसँग समन्वय गरी कागजात र विवरण सङ्कलन गर्ने र सोको विश्लेषण गर्ने कार्य गरिरहेका बैठकलाई जानकारी गराउनुभयो।

प्रधानमन्त्री दाहालले ती नियामक निकायहरूले आ-आफ्नो क्षेत्राधिकारमा रही वैदेशिक लगानीसमेत रहेको दूरसञ्चार सेवा प्रदायक कम्पनी एनसेलको वैदेशिक लगानी, शेयर खरिद-बिक्री, कर राजस्व, विदेशी मुद्रा सटहीसमेतको विषयमा प्रमाण तथा कागजात सङ्कलन समेतको कार्य गरिरहेको अवगत गराउनुभयो।

बैठकमा सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले एनसेलको ८० प्रतिशत शेयर अर्को विदेशी कम्पनीलाई बिक्री गरेको भन्ने समाचार सञ्चारमाध्यममा आएपछि प्रधानमन्त्री र आफ्नो मन्त्रालयले तत्कालै आवश्यक चासो लिई नियामक निकायसँग बुझ्ने काम भएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "एनसेलको शेयर बिक्री वितरण गर्न नियमन निकाय स्वीकृत लिनुपर्नेमा त्यो नभएको अवस्था छ, बिक्री अन्तरराष्ट्रिय मूल्य मान्यताअनुरुप छ/छैन, त्यससम्बन्धी कानुन केकस्तो छ भन्नेबारे सरोकारवाला निकायसँग छलफल भएको र त्यसपछि मन्त्रिपरिषद्बाट विस्तृत अध्ययन छानबिन समिति गठन गरिएको छ।"

मन्त्री शर्माका अनुसार, छानबिन समितिले अहिले काम अघि बढाइरहेकाले वैदेशिक लगानीको अवस्था, शेयर खरिद-बिक्रीको पारदर्शिता, कर र राजस्वको विषय के भएको छ। ऐन नियमको पालना भएको छ कि छैन भनी समितिले अध्ययन गर्ने छ। छ वर्षपछि एनसेल सरकारको मातहत आउँदैछ।

नेपालको दूरसञ्चार क्षेत्रको विकासमा देखापरेका समस्या खासगरी विदेशी लगानी नेपालमा कसरी आकर्षण गर्ने, पारदर्शिता कायम गर्ने पाटोमा देखिएका चुनौतीलाई सम्बोधन गरिने उहाँले बताउनुभयो।

मन्त्री शर्माले एनसेलका विषयमा उठेको विषयलाई सरकारले अत्यन्त गम्भीरताका साथ अध्ययन र छलफल गरेर निष्कर्षमा प्रयत्न गरिरहेको जानकारी दिँदै त्यस सम्बन्धमा देखिएका कमीकमजोरी र समस्या समाधान गर्न निर्देशनभएअनुरुप काम अघि बढाइएको जानकारी दिनुभयो।


हनुमाननगर कंकालिनी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

हनुमाननगर, सप्तरी
मधेश प्रदेश, नेपाल

**सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना।**

**प्रकाशित मिति : २०७९।०९।०३**

यस कार्यालयद्वारा मिति २०८०।०८।१५ गते आ.व. २०८०।८१ मा आन्तरिक आय संकलन गर्न ठेक्का बन्दोबस्त सम्बन्धि प्रकाशित सूचना अनुसार निम्न ठेक्का कार्यको लागि पर्न आएको सिलबन्दी दरभाउपत्रहरु मध्ये तपसिल बमोजिमका दरभाउपत्रहरु सारभुतरुपमा प्रभावग्राही तथा अधिकतम मुल्याङ्कित दरभाउपत्रहरु स्वीकृतिको लागि मुल्याङ्कन समितिबाट सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै सिलबन्दी दरभाउ पत्रदाताहरुलाई समेत यसै सूचना बाट जानकारी गराईन्छ।

**तपशिल**

| क्र.सं | ठेक्का नं. | दर भाउपत्र दाताको नाम र ठेगाना | कबोल अंक | कैफियत |
|---|---|---|---|---|
| १ | राजश्व/१/८०/८१ | श्री एस.के.कन्सट्रकसन, इनर्वा-४, सुनसरी | ७,०१,०००।- | |
| २ | राजश्व/२/८०/८१ | श्री आशिष कुमार यादव, ह.क.न.पा.-३, सप्तरी | ५,००,००५।- | |
| ३ | राजश्व/३/८०/८१ | श्री एस.के.कन्सट्रक्सन, इनर्वा-४, सुनसरी | १,५०,५००।- | |
| ४ | राजश्व/४/८०/८१ | श्री शान्ति निर्माण सेवा, राजविराज-११, सप्तरी | ५३,०००।- | |

२०८०।०९।०२

श्याम सुन्दर मण्डल
नि. प्रमुख प्रशासकीय अधिकृत


## विश्व समाचार

### गान्सु भूकम्पमा मृत्यु हुनेको संख्या १०० नाघ्योः उद्धार तीव्र पार्न राष्ट्रपतिको आग्रह

बेइजिङ, ३ पुस (रासस/सिन्ह्वा)।

चीनको गान्सु छिङआइ प्रान्तमा गएको ६.२ म्यागनेच्युडको शक्तीशाली भूकम्पमा परी कम्तीमा १११ जनाको ज्यान गएको सरकारी सञ्चार माध्यामहरूले जनाएका छन्।

उनीहरूका अनुसार सोमबार राति गान्सु प्रान्तको जातीय काउन्टीमा ६.२ म्याग्नेच्युडको भुकम्प गएको थियो। भूकम्पमा परि करिब दुई सय जना घाइते भएको न्युयोर्क टाइम्सले चिनियाँ राज्य मिडियालाई उद्धृत गर्दै उल्लेख गरेको छ।

राष्ट्रपति सी चिनफिङले वेपत्ताको खोज तथा पीडितहरूको उद्धार गरी प्रभावित जनताको जीउ धनको सुरक्षा सुनिश्चित गर्न सम्बन्धित पक्षलाई विशेष निर्देशन दिनु भएको ग्लोबल टाइमस्सले उल्लेख गरेको छ। यसै क्रममा राज्य परिषद्ले भूकम्प राहत मुख्यालय तथा आपत्कालीन व्यवस्था मन्त्रालयले राष्ट्रिय भूकम्प आपतकालीन प्रतिक्रियालाई स्तरोन्नति गरेको छ।

भूकम्पले घर, सडक तथा अन्य पूर्वाधारमा क्षति पुगेको प्रत्यक्षदर्शीले बताएका छन्। उनीहरूका अनुसार कतिपय स्थानमा विद्युत तथा खानेपानी समेत अवरुद्ध भएको छ। प्रान्तीय अग्नि तथा उद्धार विभागले ८८ दमकल, १२ वटा कुकुर परिचालन खोज तथा उद्धारकार्यलाई तीव्रता दिएको छ। साथै एक हजारभन्दा बढी उपकरणको प्रयोग गर्दै पाँच सय ८० उद्धार कर्ता खटाएको छ।

गान्सुका पार्टी प्रमुख हु चाङसेङ र गान्सु गभर्नर रेन झेन्हे उद्धार र राहतको निरीक्षण गर्न विपतग्रस्त क्षेत्रमा पुग्नु भएको छ।

### मङ्गोलियाको अपार्टमेन्टमा आगलागी हुँदा ७ जनाको मृत्यु

उलान बातोर, ३ पुस (रासस/सिन्ह्वा)।

मङ्गोलियाको राजधानी उलान बातोरमा मङ्गलबार बिहान एउटा अपार्टमेन्टमा आगलागी हुँदा सात जनाको मृत्यु भएको छ। राष्ट्रिय आपतकालीन व्यवस्थापन एजेन्सीले जनाए अनुसार बिहान ७:०२ बजे आगलागी भएको हो। दक्षिणी जिल्ला खान-उलको १० तले अपार्टमेन्ट भवनमा आगलागी भएको हो।

सो आगलागीमा चार बालबालिका सहित एकै परिवारका पाँच सदस्यले ज्यान गुमाएका छन्। उपचारका क्रममा घाइते अन्य दुईजना व्यक्तिको निधन भएको बताइएको छ। आगलागीको कारण पत्ता लगाउन अनुसन्धान छइरहेको छ।

### टर्कीमा १२ सय भन्दा बढी अवैध आप्रवासी पक्राउ

इस्तानबुल, ३ पुस (रासस/सिन्ह्वा)।

टर्कीको सुरक्षा बलद्वारा गत नोभेम्बरमा उत्तर पश्चिमी प्रान्त एडिर्नेमा एक हजार २०९ जना अवैध आप्रवासीलाई पक्राउ गरिएको सरकारी टेलिभिजन टिआरटिले सोमबार उल्लेख गरेको छ।

पक्राउ परेका आप्रवासीहरूलाई आप्रवासन कार्यलयमा पठाइएको छ। प्रान्तीय कमाण्ड टोलीले अवैध आप्रवासनलाई रोक्न एडिर्नको शहरको केन्द्र तथा वरपरका जिल्लामा निरीक्षण कडा बनाएको छ। एडिर्ने ग्रीस र बुल्गोरियाको सिमाना नजिक रहेको क्षेत्र हो।

टर्कीका आन्तरिक मन्त्री अली उर्लिकायाले देशको सबै भन्दाठूलो शहर इस्तानबुलमा मात्र नभई सबै प्रान्तका अवैध आप्रवासीहरुलाई नियन्त्रण गर्ने प्रतिबद्धता व्यक्त गर्नु भएको छ।

### रेलको कोचमा आगलागी हुँदा बङ्लादेशमा चार जनाको मृत्यु

ढाका, ३ पुस (रासस/सिन्ह्वा)।

बङ्गलादेशको राजधानी ढाकामा मङ्गलबार रेलको डिब्बामा आगजनी हुँदा कम्तीमा चार जनाको मृत्यु भएको छ। सो घटना बिहान ०५ बजेतिर भएको हो। प्रतिपक्षी दलले आगामी महिना हुने राष्ट्रिय निर्वाचन अगावै सरकारले राजीनामा दिनुपर्ने माग गर्दै आह्वान गरेको देशव्यापी बन्दका क्रममा सो आगजनी भएको बताइएको छ।

तीनवटा अग्नि नियन्त्रक घटनास्थलमा पुगेका छन्। रेलबाट बाहिर निस्कने क्रममा थुप्रै मानिसहरू घाइते भएको रेलमन्त्री नुरुल इस्लाम सुजनले पत्रकारलाई जानकारी दिनुभएको छ।

बङ्गलादेशको प्रमुख प्रतिपक्षी दल बङ्गलादेश नेसनलिस्ट पार्टी (बीएनपी) र यसका सहयोगीहरूले जनवरी ७ को आम निर्वाचन नजिकिएसँगै मङ्गलबार बिहानदेखि साँझसम्म हडतालको आह्वान गरेका छन्।

आन्दोलनले ढाका र अन्य ठाउँमा अक्टोबरको अन्त्यदेखि लगातार प्रहरी तथा मजदुर बीचको घातक झडप बढाउदै लगेको छ। साथै सवारीसाधनको तोडफोड र आगजनीका यस्ता थुप्रै घटना निम्त्याएको छ।

# मंसिर महिनामा ७१ हजारभन्दा बढी नेपाली बिदेसिए

**दैनिक समाचारदाता**
**काठमाडौं, ३ पुस ।**

मंसिर महिनामा ७१ हजारभन्दा बढी नेपाली वैदेशिक रोजगारीका लागि बिदेसिएका छन् ।

वैदेशिक रोजगार विभागको तथ्यांक अनुसार पुनः श्रम स्वीकृतिसहित ७१ हजार २७६ जनाले श्रम स्वीकृति लिएका छन् । जसमा ३६ हजार ८० जनाले पहिलो पटक श्रम स्वीकृति लिएको वैदेशिक रोजगार विभागको तथ्यांकमा उल्लेख छ । मंसिर महिनामा संसारका १०८ देशमा वैदेशिक रोजगारीका लागि जान भन्दै नेपालीहरूले श्रम स्वीकृति लिएका छन् ।

त्यसरी बाहिरिनेमा ६४ हजार ३४२ जना पुरुष र ६ हजार ९३४ जना महिला रहेका छन् । श्रम स्वीकृति लिनेमा पनि ३१ हजार ४९६ जना पुरुष र ४ हजार ५८४ जना महिला रहेका छन् ।

मंसिर महिनामा व्यक्तिगत श्रम स्वीकृतिमार्फत ७ हजार ९९७ जना बिदेसिएका छन् । मेनपावर तथा एजेन्सीमार्फत २६ हजार ३७५ जना बाहिरिएका छन् । ७३५ मेनपावर कम्पनीमार्फत उनीहरू बाहिरिएका हुन् ।

त्यस्तै मंसिर महिनामा सरकारले नै १ हजार ७०८ जनालाई वैदेशिक रोजगारीमा पठाएको छ । जसमा सबै जना दक्षिण कोरिया गएका छन् । व्यक्तिगत रूपमा पुनः श्रम स्वीकृति लिनेहरूको संख्या ३५ हजार १९६ रहेको छ ।

वैदेशिक रोजगारीमा जाने सबैभन्दा बढी धनुषा जिल्लाका रहेका छन् । जहाँबाट मंसिर महिना मात्रै पुनः श्रम स्वीकृतिसहित ३ हजार ६२१ जनाले श्रम स्वीकृति लिएका छन् । त्यस्तै दोस्रोमा झापा रहेको छ । झापाबाट ३ हजार ३९७ जनाले पुनः श्रम स्वीकृतिसहित श्रम स्वीकृति लिएका छन् ।

त्यस्तै मोरङ, सिराह, रूपन्देही, महोत्तरी लगायतका जिल्लाबाट बढी गएको विभागको तथ्यांकले देखाएको रातोपाटीले जनाएको छ ।

# नौ हजार गाँजाको बोट नष्ट

वीरगञ्ज (पर्सा), ३ पुस (रासस) ।

लागुऔषधको रुपकमा गाँजा फँडानी अभियानका क्रममा पर्सा प्रहरीले नौ हजार गाँजाको बोट नष्ट गरेको छ । जिल्लाको पश्चिमी क्षेत्रमा स्थानीयवासीहरूले व्यावसायिक रुपमै गाँजा खेती गर्न थालेपछि प्रहरीले त्यसविरुद्ध अभियान चलाएको हो ।

सो अभियानअन्तर्गत हालसम्म जिल्लाको विभिन्न स्थानमा करिब नौ हजारभन्दा बढी गाँजाको बोट फँडानी गरिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक कुमारविक्रम थापाले जानकारी दिनुभयो ।

अभियानकै क्रममा पछिल्लो पटक पर्साको ठोरी गाउँपालिका-३ स्थित रामनगर तथा बुद्धनगर र पटेर्वासुगौली गाउँपालिका-४ र ५ स्थित देउरिया र डेकुलीमा स्थानीयवासीले अवैधरूपमा लगाएको छ हजार गाँजाको बोट फँडानी गरी नष्ट गरिएको थियो ।

इलाका प्रहरी कार्यालय पटेर्वासुगौली, इलाका प्रहरी कार्यालय ठोरी, इलाका प्रहरी कार्यालय औंडारबाट खटिएको संयुक्त प्रहरी टोलीले गोप्य सूचनाका आधारमा स्थानीयवासीले करिब ११ कट्ठा जग्गामा लगाएको गाँजा फँडानी गरिएको पटेर्वा सुगौली इलाका प्रहरी कार्यालयका प्रहरी निरीक्षक रामराजा केशरीले जानकारी दिनुभयो ।

यसअघि प्रहरी टोलीले जिल्लाको पर्सागढी नगरपालिका-३ झबराहामा करिब डेढ बिघा जग्गामा लगाएको १२ हजार गाँजाको बोट र ठोरी गाउँपालिका र जिराभवानी गाउँपालिकामा करिब १६ कट्ठा जग्गामा लगाइएको १८ हजार गाँजा खेती फँडानी गरिएको थियो ।

गोप्य सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालयबाट प्रहरी निरीक्षक सन्तोष राईको नेतृत्वमा खटिएको टोलीले ठोरी गाउँपालिका-३ र ४ मा स्थानीयवासीले दश कट्ठा खेतमा अवैध रूपमा लगाएको गाँजा र जिराभवानी गाउँपालिका-१ मा छ कट्ठा एक धुर जग्गामा लगाएको गाँजाकोबोटहरू फँडानी गरी नष्ट गरिएको थियो

पर्साको ठोरी, पर्सागढी, बहुदरमाई, पोखरियालगायत स्थानहरूमा गाँजा खेती भइरहेको छ। अवैध रूपमा गाँजाखेती फस्टाउँदै गएकाले त्यसलाई नियन्त्रण गर्न अभियान थालिएको र अन्य स्थानमा पनि गाँजा फँडानीलाई निरन्तरता दिइने जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक थापाले जानकारी दिनुभयो ।

# अवैध १६ लाख १० हजार रुपैयाँ बरामद

**दैनिक समाचारदाता**
**बिराटनगर, ३ पुस ।**

सशस्त्र प्रहरीले मोरङको विराटनगरबाट अवैध १६ लाख १० हजार रुपैयाँ बरामद गरेको छ।

विराटनगर महानगरपालिका-७ स्थित प्रशासन रोडबाट सीमा सुरक्षा गुल्म रानीबाट खटिएको गस्ती टोलीले उक्त रकम बरामद गरेको हो ।

प्रहरीले स्रोत नखुलेको उक्त रकमसँगै विराटनगर १५ रानीका ४० वर्षीय लक्ष्मणप्रसाद शाहलाई नियन्त्रणमा लिएको छ ।

यस्तै शाहले प्रयोग गरेको को१९प ४४३४ नम्बरको मोटरसाइकल पनि नियन्त्रणमा लिएको छ ।

प्रहरीले बरामद रकम तथा मोटरसाइकल र शाहलाई आवश्यक छानबिन तथा कारबाहीको लागि राजश्व अनुसन्धान कार्यालय इटहरीमा बुझाएको जनाएको छ ।

# वायुसेवा निगमका दुई कर्मचारी निलम्बनमा

काठमाडौं, ३ पुस (रासस) ।

नेपाल वायुसेवा निगमका दुई कर्मचारी निलम्बनमा परेका छन् । नेपाल वायुसेवा निगमका अधिकृत होमनाथ पोखरेल र वरिष्ठ सहायक अरविन्द यादव निलम्बनमा परेका हुन् ।

नक्कली भिजिट भिसामा विदेश जाने नेपाली नागकरिकको कागजात मिलाउने गरेको अभियोगमा प्रहरीले पोखरेल र यादवलाई पक्राउ गरेपछि दुवैजनालाई निलम्बन गरिएको नेपाल वायुसेवा निगमका प्रवक्ता रमेश पौडेलले जानकारी दिनुभयो । उनीहरूलाई हाल लिखतसम्बन्धी कसुर मुद्दामा अनुसन्धानका लागि हिरासतमा राखिएको छ ।

उहाँले भन्नुभयो, "मुद्दा अन्तिम किनारा नलागेसम्म निलम्बन गर्ने वायुसेवा निगमका कर्मचारीको सेवा, शर्तसम्बन्धी नियमावलीको प्रावधानअनुसार दुवैजनालाई निलम्बन गरिएको हो ।" प्रहरीले अधिकृत पोखरेललाई यही मङ्सिर २५ गते तथा वरिष्ठ सहायक यादवलाई मङ्सिर २७ गते पक्राउ गरेको थियो । सो घटनाबारे छानबिन भइरहेको छ ।

### *एनसेलको शेयर ...*

महान्यायाधिवक्तामार्फत पेश गर्न भनिएको छ ।

एनसेलको शेयर खरिदबिक्री प्रकरणविरुद्ध प्रतिनिधिसभाका सदस्य अमरेशकुमार सिंहले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, नेपाल दूर सञ्चार प्राधिकरण, कम्पनी रजिष्ट्रारको कार्यालय, आन्तरिक राजस्व विभाग र एनसेललाई विपक्षी बनाएर रिट निवेदन सर्वोच्च अदालतमा दायर गर्नुभएको थियो ।

सात वर्षअघि रु एक खर्ब ४४ अर्बमा एनसेलको ८० प्रतिशत शेयर खरिद गरेको मलेसियाको आजियाटा कम्पनीले हालै नेपाली संस्थापक रहेको बेलायती कम्पनी स्पेक्ट्रेलाइट युकेलाई जम्मा रु छ अर्ब ५० करोडमा बिक्री गरेको गरेपछि विवाद भएको हो ।

रिट निवेदनमा कानुनी प्रक्रियालाई मिचेर मुलुकलाई हानी पुग्ने गरी अपारदर्शी ढङ्गले निजी क्षेत्रको दूरसञ्चार सेवा प्रदायक एनसेलको शेयर खरिदबिक्री भएको उल्लेख गरिएको थियो । यसअघि, उच्च अदालत पाटनले अल्पकालीन अन्तरिम आदेश जारी गरी शेयर खरिदबिक्री प्रक्रिया रोक्नका लागि आदेश गरेको थियो । उक्त आदशेसँगै एनसेलले शेयर बिक्री गर्न नपाउने भएको छ ।

# महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन् । यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ । यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ । महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ । यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ । यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ । परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ । आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन् । राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगाय़त मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन् । समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन ।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ । त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ ।

**जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी**

# बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनतः विवाह गर्ने उमेर २० वर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने व्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने व्यवस्था गरेको छ । उपदफा १ बिपरित भएको बिवाह स्वतःवदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानुनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

**अनुरोधकर्ता**

**खडक नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी**

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*